आवेदनहरु दिन तथा मतदातानामावलीमा नाम दर्ता गर्नका लागि आव्हान : जलवायु लगानी कोष (सि आइ एफ) को पर्यवेक्षकहरुका निम्ति

जलवायु लगानी कोष (सि आइ एफ) अन्तरगतको रणनीतिक जलवायु कोष (एस सि एफ) का दुइवटा उपसमितिहरु - वन लगानी कार्यक्रम (एफ आइ पी ) तथा पुनरप्रयोग योग्य उर्जा नापन कार्यक्रम (एस आर इ पि) - का लागि चाहिएका दुईवटा (२) नागरिक समाज पर्यवेक्षक पदहरुका लागि दिने आवेदनहरु रेसोल्भ (आर इ एस ओ एल भिइ) को पदहरुका लागि वेवसाइट (www.resolv.org/cif) मा उपलब्ध छन् । पर्यवेक्षक पदका लागि  आवेदन फारमहरु, आवेदन सम्वन्धी निर्देशनहरु तथा मापदण्ड रेसोल्भको वेवसाइटमा उपलब्ध छन् । आवेदन सम्वन्धी निर्देशनहरु नभेम्वर १६ को हप्तामा अरवी, वहसा इन्डोनेसियाली , चिनीया, फ्रान्सेली, नेपाली, पोर्चुगाली, रसियन तथा स्पानीस भाषामा तयार गरी प्रकाशित गरिने छ । प्रतिनिधित्वको विविधतालाई सुनिश्चित गर्ने अभिप्रायले योग्य महिला उम्मेदवारहरुलाई आवेदन दिनका लागि रेसोल्भ प्रोत्साहित गर्दछ । भरिएका आवेदनहरु रेसोल्भमा **डिसेम्वर ४, २००९ शुक्रवार अपरान्ह ५.०० वजे संयुक्त राज्यको पूर्वीय समय अनुसार** दाखेल भै सक्नु पर्ने छ ।

नोभेम्वर १६, २००९ को हप्तामा नै मतदाता नामावली दर्ता गर्ने काम पनि खुला हुने छ । नागरिक समाज पर्यवेक्षकको आत्मचयन प्रक्रियामा मतदान गर्नका लागि नाफा नलिने नागरिक समाज संगठनहरु, संजालहरु तथा साना, स्थानीय समुदायहरुले जनवरी ७, २०१० भन्दा अगाडि नै आफ्नो नाम दर्ता गराई सक्नुपर्दछ । मतदाताको लागि मापदण्ड पूरा गर्ने संगठनहरु, संजालहरु तथा समुदायहरुलाई डिसेम्वर १४, २००९ देखि जनवरी ८, २०१० को वीचमा कुनै पनि समयमा स्वीकृति प्रदान गरिने छ  तथा मतदान गर्न योग्य घोषणा गरिने छ आफू मतदान गर्न सक्षम हुनका लागि आफ्नो संगठनलाई छिटो दर्ता गराइहाल्नुहोस ।

यदि तपाइ छनौट प्रक्रियको सम्वन्धमा अध्यावधि हुन र जानकारी प्राप्त गर्न चाहनु हुन्छ भने कृपया रेसोल्भको वेवसाइट www.resolv.org/cif खोल्नुहोस ।

सि आइ एफ (जलवायु लगानी कोष) को वारेमा वढी जानकारी लिनका लागि कृपया www.worldbank.org/cif वेवसाइट हेर्नुहोस ।

छुट्टै कुरा,  कृपया स्मरण गर्नुहोस दिगो विकासका लागि विश्व व्यवसायिक परिषदले निजी क्षेत्रका पर्यवेक्षक पदहरुका लागि छुट्टै प्रक्रिया अपनाउदै छ ।